निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३
# स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७३
# राष्ट्रिय पर्यवेक्षकहरूका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७३



**निर्वाचन आयोग, नेपाल**
**कान्तिपथ**

| | | |
|---|---|---|
| प्रकाशक | : | निर्वाचन आयोग<br>कान्तिपथ, काठमाण्डौ । |

| | | |
|---|---|---|
| प्रकाशन मिति | : | २०७३ फागुन |
| प्रति | : | |

---

| | | |
|---|---|---|
| मुद्रण | : | निर्वाचन आयोग<br>अफसेट प्रेस<br>कान्तिपथ, काठमाण्डौ । |

| विषयसूची | पेज नं. |
|---|---|


| | |
|---|---|
| **स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३** | **१–२** |
| **स्थानीय तह नर्वाचन पर्यवेक्षण निर्देशिका, २०७३** | **३** |
| प्रारम्भिक | ३ |
| पर्यवेक्षणसम्बन्धी व्यवस्था | ४–६ |
| निर्वाचन पर्यवेक्षण | ४ |
| पर्यवेक्षण गर्न राष्ट्रिय संघ/संस्थाहरूलाई दिइने अनुमतिका आधारहरू | ४ |
| पर्यवेक्षकको लागि आवश्यक योग्यता | ४–५ |
| पर्यवेक्षण अनुमति प्रक्रिया | ५–६ |
| निर्वाचन कार्यालय मार्फत् निवेदन दिन सकिने | ६ |
| **संस्थागत व्यवस्था** | **६–७** |
| निर्वाचन पर्यवेक्षण समिति | ६ |
| निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई | ७ |
| निर्वाचन पर्यवेक्षण स्रोत केन्द्र | ७ |
| पर्यवेक्षक तथा पर्यवेक्षण संघ/संस्थाको कर्तव्य र प्रतिवेदनसम्बन्धी व्यवस्था | ८–९ |
| अनुमति प्राप्त पर्यवेक्षण संघ/संस्थाको कर्तव्य | ८–९ |
| **निर्वाचन पर्यवेक्षणको सम्बन्धमा निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी र मतदान अधिकृतको काम, कर्तव्य र अधिकार** | ९–१० |
| निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार | ९ |
| निर्वाचन अधिकारीको काम, कर्तव्य र अधिकार | ९–१० |
| मतदान अधिकृतको काम, कर्तव्य र अधिकार | १० |
| **विविध** | १० |
| निर्वाचन पर्यवेक्षण संघ/संस्थालाई प्रतिवेदन प्राप्त भएको जानकारी दिने | १० |
| निर्वाचन पर्यवेक्षण अनुमति पत्र खारेज हुने | १० |
| बाधा अड्काउ फुकाउने | १० |
| अनुसूची -१ स्थानीय तह निर्वाचन पर्यवेक्षण गर्नेसम्बन्धी सूचनाको नमूना | ११ |
| अनुसूची -२ | १२–१४ |
| पर्यवेक्षण निवेदन फाराम | |
| अनुसूची -३ सम्पर्क व्यक्तिका लागि अख्तियारनामा | १५ |
| अनुसूची -४ राष्ट्रिय पर्यवेक्षकको शपथ-पत्र | १६ |
| अनुसूची -५ राष्ट्रिय पर्यवेक्षक परिचय-पत्रको नमूना | १७ |
| अनुसूची -६ अभिमुखीकरणका विषयहरू | १८ |
| अनुसूची -७ पर्यवेक्षणका लागि खटाइने पर्यवेक्षकहरुको विवरण | १९ |
| **राष्ट्रिय पर्यवेक्षकहरूका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७३** | **२०–२१** |
| प्रारम्भिक | २० |
| पर्यवेक्षकको अधिकार र पालना गर्नुपर्ने आचरण | २०–२१ |
| आचार संहिताको कार्यान्वयन र अनुगमन | २१ |

# <u>स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३</u>

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७३/१२/८

निर्वाचन पर्यवेक्षणमा अनुभव र प्रतिष्ठा आर्जन गरेका राष्ट्रिय संघ/संस्था तथा व्यक्तिहरूबाट निर्वाचन पर्यवेक्षणको लागि स्थापित मापदण्ड अनुसारको पर्यवेक्षण गराई निर्वाचन प्रणाली र प्रक्रियामा निरन्तर सुधार गर्न तथा निर्वाचनको स्वच्छता र निष्पक्षता अभिवृद्धि गर्नको लागि निर्वाचन आयोगले यो स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३ बनाएको छ ।

**१. <u>उद्देश्य</u> :** निर्वाचन आयोगले सञ्चालन गर्ने स्थानीय तह निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष वनाउनको लागि निर्धारण गरिएका प्रक्रिया र मापदण्डहरूको पालना भएको कुरा पर्यवेक्षणको माध्यमबाट समेत सुनिश्चित गर्ने मुख्य उद्धेश्य रहेको छ । यस नीतिका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन :

(क) निर्वाचन परिणामको स्वीकार्यतालाई अभिवृद्धि गर्न गोप्य मतदान बाहेकका निर्वाचनका अन्य प्रक्रियाहरूलाई अधिकतम पारदर्शी बनाउने,
(ख) निर्वाचन प्रक्रियामा यसका मुख्य सरोकारवालाहरूसँगको समन्वय र सहभागिता प्रवर्द्धन गर्ने,
(ग) क्षेत्रीय तथा अन्तर्राष्ट्रियरूपमा आयोगको छवि प्रवर्द्धन गर्न आपसी सम्वन्धलाई विस्तार एवं सवलीकरण गर्ने,
(घ) पर्यवेक्षणमा संलग्न राष्ट्रिय संस्था एवं पर्यवेक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,
(ङ) पर्यवेक्षण कार्यलाई प्रभावकारी नियमनद्धारा व्यवस्थित र मर्यादित वनाउने ।

**२. <u>नीति</u> :** उल्लेखित उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ :

(क) निर्वाचन आयोगले संविधान र प्रचलित कानून बमोजिम संचालन गर्ने स्थानीय तह निर्वाचनको आवश्यकता अनुसार पर्यवेक्षण गराउने,
(ख) स्थानीय तह निर्वाचनको विभिन्न प्रकृयाहरूमा राष्ट्रिय पर्यवेक्षकहरूबाट पर्यवेक्षण गराउने ।

**३. <u>रणनीति तथा कार्यनीति</u> :** निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षणको लागि देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्वन गर्नेछः

**(१) <u>क्षमता विकासः</u>** निर्वाचन पर्यवेक्षणमा संलग्न हुने पर्यवेक्षण संस्था तथा पर्यवेक्षकहरू र आयोगका केन्द्र तथा जिल्लास्थित जनशक्तिको क्षमता विकास गर्ने । यस रणनीति अन्तर्गत देहायका कार्यनीतिहरु हुनेछन् :

(क) आयोगका कर्मचारीहरूको क्षमता विकासको आवश्यकता पहिचान गरी उपयुक्त तालिम तथा अध्ययन भ्रमण र पर्यवेक्षणमा संलग्न गराउने,
(ख) स्थानीय तहको निर्वाचनसँग सम्वन्धित नीति, प्रक्रिया र आचार संहिताको बारेमा पर्यवेक्षण गर्ने संघ/संस्थाहरुलाई स्पष्ट गराउन आयोगवाट अभिमुखीकरण तालिमको व्यवस्था गर्ने,
(ग) पर्यवेक्षण गर्ने संघ/संस्थाले आयोगले निर्धारण गरेका विषयवस्तुमा आधारित भई पर्यवेक्षकहरूलाई अनिवार्य रुपमा अभिमुखिकरण तालिम सञ्चनलन गर्ने,
(घ) पर्यवेक्षण गर्ने संघ/संस्थाहरुलाई आयोगले पर्यवेक्षणसँग सम्वन्धित आवश्यक सूचना उपलव्ध गराउने ।

(२) **समन्वय :** निर्वाचन पर्यवेक्षणको लागि आयोगले नेपाल सरकार, निर्वाचनमा भाग लिने राजनीतिक दलहरू, निर्वाचनसम्बन्धी कार्यमा संलग्न राष्ट्रिय संस्था एवं पर्यवेक्षकहरू, विकास साझेदार, नागरिक समाज, आमसञ्चार र अन्य सम्वद्ध पक्षहरूसँग आवश्यकता अनुसार समन्वय गर्नेछ । यस रणनीति अन्तर्गत देहायका कार्यनीतिहरु हुनेछन् :-

(क) राष्ट्रिय पर्यवेक्षकहरूको व्यवस्थापन गर्न आयोगमा उपयुक्त संयन्त्रको व्यवस्था गर्ने, उक्त संयन्त्रमा आवश्यकता अनुसार नेपाल सरकारका सम्बद्ध निकाय, नागरिक समाज तथा बिकास साझेदार एवं आम सञ्चार क्षेत्रका प्रतिनिधिहरू समेत सहभागी गराउने,

(ख) पर्यवेक्षणसम्बन्धी आवश्यक सूचना तथा परिचयपत्र वितरण गर्ने प्रक्रियालाई व्यवस्थित गर्न एकद्धार पद्धति अवलम्वन गरिने र सो का लागि निर्वाचन पर्यवेक्षण स्रोतकेन्द्रको स्थापना गर्ने,

(ग) निर्वाचन पर्यवेक्षकलाई आचार संहिता पालना गराउन, आगमन सहजीकरण गर्न र पर्यवेक्षकको सुरक्षा प्रवन्ध गर्न सम्वद्ध निकायहरुबीच समन्वय गर्ने ।

(३) **सहभागिताः** निर्वाचन पर्यवेक्षणको प्रभावकारिता अभिवृद्धि गर्न निर्वाचन पर्यवेक्षणलाई समावेशी तथा सहभागितामूलक बनाउने । यस रणनीति अन्तर्गत देहायका कार्यनीतिहरु हुनेछन् :-

(क) मुलुकभित्रका राष्ट्रियस्तरका ख्यातिप्राप्त व्यक्तिलाई निर्वाचनको दिन मतदान कार्यको अवलोकनका लागि आमन्त्रण गर्न सक्ने,

(ख) निर्वाचन पर्यवेक्षण गर्ने राष्ट्रिय संघ/संस्थाहरुलाई अनुमति दिँदा सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायको सहभागितालाई सुनिश्चित गराउने नीति तथा कार्यक्रमलाई समेत आधार मान्ने ।

(४) **साझेदारी तथा सहकार्य :** निर्वाचन पर्यवेक्षणको लागिआवश्यक पर्ने भौतिक, वित्तीय एवं मानवीय श्रोत साधन व्यवस्थापन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षहरूसँग आवश्यकता अनुसार साझेदारी तथा सहकार्य गर्ने । यस रणनीतिअन्तर्गत देहायका कार्यनीतिहरु हुनेछन् :-

(क) निर्वाचन पर्यवेक्षणको लागि आवश्यक पर्ने भौतिक, वित्तीय एवं मानवीय स्रोत साधनको व्यवस्थापनका लागि आयोगले आवश्यकता अनुसार बिकास साझेदार संस्थासँग समेत सहयोग लिन सक्ने,

(ख) पर्यवेक्षणमा संलग्न हुने संस्थाहरूले संचालन गर्ने पर्यवेक्षणसम्वन्धी अभिमुखीकरण तालिम कार्यक्रमलाई प्रभावकारी र परिणाममूलक बनाउन आवश्यकता अनुसार आयोगबाट उपलब्ध हुने स्रोत व्यक्तिलाई समेत संलग्न गराउने विषयमा सहकार्य गर्ने,

(५) **व्यापकता :** निर्वाचन पर्यवेक्षणको कामलाई सबै प्रदेशका हिमाल, पहाड, तराई सबै स्थान तथा क्षेत्रमा सहज र व्यापक बनाउने ।

(६) **जवाफदेहिता :** पर्यवेक्षणमा संलग्न हुने संघ/संस्था तथा व्यक्तिलाई पर्यवेक्षणको लागि आयोगले निर्धारण गरेका मापदण्ड, जारी गरेको आचार संहिताप्रति पूर्ण जवाफदेही तुल्याउने । यस रणनीतिअन्तर्गत देहायका कार्यनीतिहरु हुनेछन् :-

(क) आयोगले लागु गरेको पर्यवेक्षण आचार संहिता सम्वन्धित संस्थाले अनिवार्य रुपमा पालना गर्नु पर्ने,

(ख) पर्यवेक्षण आचार संहिता तर्जुमा गर्दा आयोगले बनाएको मापदण्डहरुलाई समेत आधार मान्ने,

(ग) पर्यवेक्षक संघ/संस्था वा व्यक्तिहरूबाट आयोगको नीति, नियम र पर्यवेक्षण आचार संहिता उल्लंघन भएको पाइएमा निजलाई दिइएको अनुमति खारेज गरी पर्यवेक्षण कार्यमा रोक लगाई नकारात्मक सूची तयार गरी अभिलेख राख्ने ।

(७) **नियमनः** निर्वाचन पर्यवेक्षणलाई व्यवस्थित, प्रभावकारी र जवाफदेही बनाउनको लागि राष्ट्रिय पर्यवेक्षण संघ/संस्थालाई आयोगबाट अनुमतिको व्यवस्था गर्ने ।

४. **अनुगमन तथा मूल्याङ्कन :** यस नीतिको कार्यान्वयनको अनुगमन तथा प्रभावकारिताको मूल्याङ्कन आयोगबाट गरिनेछ ।

# स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७३

आयोगबाट स्वीकृत मिति : २०७३/१२/८

**प्रस्तावना :** स्थानीय तहको निर्वाचनमा गरिने पर्यवेक्षणलाई व्यवस्थित र मर्यादित बनाउनका लागि पर्यवेक्षणसम्बन्धी कार्यविधि तय गर्ने, पर्यवेक्षण संघ/संस्थालाई अनुमति दिने, पर्यवेक्षकको योग्यता निर्धारण गर्ने, पर्यवेक्षणका सन्दर्भमा विभिन्न पक्षको भूमिका निर्धारण गर्ने सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ६ को उद्देश्य प्राप्तिका लागि सोही ऐनको दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "एकाई" भन्नाले दफा ९ बमोजिमको निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई सम्झनु पर्छ ।

(ग) "निर्वाचन" भन्नाले स्थानीय तहको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ ।

(घ) "निर्वाचन अधिकारी" भन्नाले जिल्ला निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ र सो शब्दले क्षेत्रीय निर्वाचन कार्यालयको प्रमुखलाई समेत जनाउँछ ।

(ङ) "निर्वाचन अधिकृत" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम नियुक्त भएको निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शव्दले मुख्य निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(च) "पर्यवेक्षक" भन्नाले यस निर्देशिका बमोजिम स्थानीय तहको निर्वाचनको पर्यवेक्षण गर्न अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले पर्यवेक्षण संघ/संस्थालाई समेत जनाउँछ ।

(छ) "पर्यवेक्षण आचार संहिता" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ को दफा ६ को प्रयोजनको लागि आयोगले बनाएको पर्यवेक्षण आचार संहिता सम्झनु पर्छ ।

(ज) "पर्यवेक्षण संघ/संस्था" भन्नाले यस निर्देशिको दफा ७ बमोजिम आयोगवाट पर्यवेक्षण अनुमति प्राप्त रष्ट्रिय संघ/संस्था/सञ्जाललाई सम्झनु पर्छ ।

(झ) "मतदान अधिकृत" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ११ बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ञ) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि आयोगले तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा ८ बमोजिमको निर्वाचन पर्यवेक्षण समिति सम्झनु पर्छ ।

## परिच्छेद -२
## पर्यवेक्षणसम्बन्धी व्यवस्था

३ **निर्वाचन पर्यवेक्षणः** (१) निर्वाचनको पर्यवेक्षण गर्ने राष्ट्रिय संघ/संस्थाहरुले आयोगबाट अनुमति प्राप्त गर्नु पर्नेछ । तर अन्तराष्ट्रिय संघ/संस्थालाई निर्वाचन पर्यवेक्षणका लागि अनुमति दिइने छैन ।

(२) आयोगले राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षणसम्बन्धी अनुभव भएका ख्यातिप्राप्त व्यक्ति, निर्वाचन विशेषज्ञ तथा नेपाली नागरिकलाई मतदानको दिन निर्वाचन पर्यवेक्षणको अनुमति दिन वा आमन्त्रण गर्न सक्नेछ ।

(३) आयोगले नेपालस्थित, कूटनैतिक नियोग वा गत पाँच वर्षदेखि नेपालमा कार्यरत अन्तर्राष्ट्रिय संघ/संस्थाहरुलाई मतदान कार्यको अवलोकन गर्न अनुमति दिन सक्नेछ ।

४. **पर्यवेक्षण गर्न संघ/संस्थाहरूलाई दिइने अनुमतिका आधारहरूः** (१) निर्वाचनको पर्यवेक्षण अनुमति प्राप्त गर्न चाहने प्रचलित नेपाल कानून बमोजिम दर्ता भएको राष्ट्रिय संघ/संस्थाले देहाय बमोजिमका कागजातहरु संलग्न गरी आयोग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) संस्था नविकरण भएको निस्साको प्रतिलिपि,
(ग) संस्थाको विधानको प्रतिलिपि,
(घ) संस्थाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
(ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरूको नामावली,
(च) विगतमा गरेका राष्ट्रिय/अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सो को प्रमाण,
(छ) पर्यवेक्षण सम्बन्धमा संघ/संस्थाले तयार गरेको ब्रोशर, पुस्तिका, निर्देशिका वा अन्य कुनै प्रकाशन भए सो समेत,
(ज) संस्थाले तयार गरेको पर्यवेक्षक परिचालनसम्वन्धी नीति तथा कार्ययोजना ।

(२) उपदफा १ को खण्ड (ज) को नीति तथा कार्ययोजनामा पर्यवेक्षक परिचालन गर्ने लैङ्गिक तथा समावेशी व्यवस्था हुनुपर्नेछ ।

(३) आयोगबाट यसअघि अनुमति प्राप्त गरी निर्वाचन पर्यवेक्षणमा संलग्न भएको भए आयोगबाट निर्धारित अवधि भित्रै सो को प्रतिवेदन पेश गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

(४) आयोगबाट यसअघि निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त गरी पर्यवेक्षण प्रतिवेदन पेश नगर्ने राष्ट्रिय संस्थाहरुलाई निर्वाचनको लागि पर्यवेक्षण अनुमति दिईने छैन ।

(५) एक भन्दा बडी संस्थाहरु मिली खडा गरिएको संस्था वा सञ्जाल (Consortium) को हकमा त्यस्तो संस्था वा सञ्जाल गठन तथा काम गर्ने सम्वन्धमा भएको कार्य समितिको निर्णय र सम्झौता पत्र समेत पेश गर्नु पर्नेछ ।

(६) कुनै संस्था वा सञ्जालमा समावेश भएको संस्था वा सञ्जालले आफ्नो नामबाट निर्वाचन पर्यवेक्षणको लागि अनुमति प्राप्त गर्ने छैन ।

(७) निर्वाचनका लागि सबै प्रदेशका हिमाल, पहाड र तराईका जिल्लाहरु समावेश गरी न्यूनतम एक सय मतदान स्थलमा पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संघ/संस्थाले मात्र पर्यवेक्षण अनुमतिका लागि निवेदन दिनुपर्नेछ ।

(८) पर्यवेक्षण गर्नको लागि अनुमति दिने वा नदिने सम्पूर्ण अधिकार आयोगमा निहित रहनेछ ।

(९) कुनै व्याक्ति वा संघ/संस्थाले गलत कार्य गरी कारवाहीमा परेको भन्ने कुरा अभिलेखबाट देखिएमा त्यस्तो व्याक्ति वा संघ/संस्थालाई पर्यवेक्षण अनुमति दिइने छैन ।

५. **पर्यवेक्षकको लागि आवश्यक योग्यता :** (१) निर्वाचनमा पर्यवेक्षण संघ/संस्थाबाट खटिने व्यक्तिको योग्यता देहाय अनुसार हुनुपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख  २१ वर्ष उमेर पूरा भएको,

(ग) प्रविणता प्रमाण पत्र तह वा दश जोड दुई वा सो सरह उतीर्ण भएको,

(घ) कुनै पनि राजनीतिक दलको सदस्य नभएको,

(ङ) नैतीक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट सजाय नपाएको,

(च) निर्वाचनसम्बन्धी कसूरमा सजाय नपाएको,

(छ) मानसिक सन्तुलन ठीक भएको ।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको शैक्षिक योग्यतालाई समेत पर्यवेक्षणको लागि योग्य भएको मानिनेछ :-

(क) आयोगले सञ्चालन गरेको निर्वाचनमा पर्यवेक्षणको अनुभव भएका व्यक्तिहरुको हकमा एस.एल.सी उतीर्ण भएको,

(ख) महिलाको हकमा एस.एल.सी उत्तीर्ण गरेको वा विगतमा आयोगबाट सञ्चालन गरेको निर्वाचनमा पर्यवेक्षणसम्बन्धी कार्यमा अनुभव भएको ।

६. **निर्वाचन पर्यवेक्षण अनुमति प्रक्रिया:** (१) पर्यवेक्षण समितिको सिफारिसमा आयोगले निर्वाचन पर्यवेक्षणका लागि राष्ट्रिय संघ/संस्थाहरूहरूलाई अनुमति प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पर्यवेक्षण अनुमतिका लागि देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ :-

(क) पर्यवेक्षण अनुमतिका लागि आयोगबाट अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको सूचनाका आधारमा पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरुले अनुसूची-२ बमोजिको ढाँचामा एकाईमा निवेदन पेश गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम दिइने निवेदन साथ प्राप्त कागजातहरु जाँचबुझ गर्दा कुनै कुरा स्पष्ट नभएमा त्यस्ता संघ/संस्थासँग सो एकाईले थप विवरण माग गर्न सक्नेछ ।

(घ) एकाईले प्राप्त निवेदन माथि आवश्यक जाँचबुझ गरी समितिमा पेश गर्नेछ ।
तर आवश्यक कागजातहरू संलग्न नभएमा पर्यवेक्षण अनुमतिसम्बन्धी निवेदनमाथि कुनै कारबाही हुने छैन ।

(ङ) खण्ड (घ) बमोजिम एकाइले पेश गरेको निवेदनहरु उपर जाँचबुझ गर्दा आवश्यक प्रक्रिया पूरा गरेको पाइएमा समितिले आयोगमा पेश गर्नेछ ।

(च) पर्यवेक्षण समितिको सिफारिस समेतलाई आधार मानी आयोगले पर्यवेक्षण अनुमति प्रदान गर्ने निर्णय गर्नेछ,

(छ) आयोगवाट भएको खण्ड (च) बमोजिमको निर्णयको जानकारी एकाईले सम्बन्धित संघ/संस्थालाई दिनेछ ।

(ज) अनुमति प्राप्त गर्ने संघ/संस्था प्रमुखले पर्यवेक्षण अनुमतिपत्र लिन वा सोसँग सम्बन्धित अन्य कार्यहरू गर्न आफै उपस्थित हुन नसक्ने भएमा अन्य कुनै व्यक्तिलाई अनुसूची-३ बमोजिमको ढाँचामा अधिकार प्रदान गर्न सक्नेछ ।

(झ) पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त गरेको संघ/संस्थाले आफ्नो संस्थावाट खटिने पर्यवेक्षकहरुलाई अनुसूची-४ वमोजिमको शपथग्रहण गराई उक्त शपथ पत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित राष्ट्रिय पर्यवेक्षक परिचयपत्र प्राप्त गर्न एकाईमा अनुरोध गर्नु पर्नेछ ।

(ञ) खण्ड (ज) बमोजिमका कागजात जाँचबुझ गर्दा उपयुक्त ठहरेमा एकाईले त्यस्तो संघ/संस्थाले परिचालन गर्ने पर्यवेक्षकहरुलाई अनुसूची-५ बमोजिमको राष्ट्रिय पर्यवेक्षक परिचयपत्र उपलब्ध गराउनेछ ।

(ट) अनुमति प्राप्त संघ/संस्थाहरुले निर्वाचन पर्यवेक्षणमा खटिने पर्यवेक्षकहरूलाई अनिवार्य रूपमा अनुसूची-६ मा उल्लिखित विषयहरूको अभिमुखीकरण गराउनु पर्नेछ ।

(ठ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षण अनुमति गर्न चाहने संघ/संस्थाहरुले अभिमुखीकरणका लागि स्रोत व्यक्तिहरु माग गरेमा आयोगले स्रोत व्यक्ति उपलब्ध गराउन सक्नेछ ।

(ड) पर्यवेक्षण गर्न अनुमति प्राप्त संघ/संस्थाहरूले निर्वाचनसम्बन्धी आवश्यक कानून एवं आयोगका अन्य प्रकाशनहरू अध्ययनका लागि माग गरेमा नियमानुसार उपलब्ध गराउन सक्नेछ ।

(ढ) अनुमति प्राप्त राष्ट्रिय संघ/संस्थाले आफूले खटाउने पर्यवेक्षकहरुको अभिलेख विवरण अनुसूची-७ बमोजिम तयार गरी पेश गर्नु पर्नेछ ।

(ण) विद्युतीय यन्त्रको प्रयोग गरी निवेदन दिन चाहने पर्यवेक्षण संघ/संस्था वा व्यक्तिले https://www.observer.election.gov.np मा लग अन गरी निवेदन दिन सक्नेछन् ।

७. **निर्वाचन कार्यालय मार्फत् निवेदन दिन सकिने :** (१) पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरुले आयोगले निवेदन माग गरेको समयभित्र सम्बन्धित निर्वाचन कार्यालय मार्फत आवश्यक कागजातहरू संलग्न गरी निवेदन दिन सक्नेछन । तर काठमाडौं उपत्यकाको हकमा भने आयोगमा निवेदन पेश गर्नु पर्नेछ ।

(२) निर्वाचन कार्यालयले निवेदन साथ प्राप्त कागजात उपर प्रारम्भिक जाँचबुझ गरी छिटो माध्यमबाट एकाईमा पठाउनु पर्नेछ ।

(३) एकाईले आयोगबाट भएको निर्णयको जानकारी सम्बन्धित क्षेत्रीय वा जिल्ला निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई दिनेछ ।

(४) निर्वाचन कार्यालय मार्फत निवेदन दिएका संघ/संस्थाले पर्यवेक्षणमा खटाउने पर्यवेक्षकहरुको दफा ६ को उपदफा (२) को खण्ड (ढ) बमोजिमको विवरण प्राप्त भएपछि निजहरुलाई राष्ट्रिय पर्यवेक्षक परिचयपत्र उपलब्ध गराउन एकाईले निर्वाचन कार्यालयलाई पत्राचार गनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम एकाईले पठाएको विवरण प्राप्त भएपछि विवरणमा उल्लेख गरिएका पर्यवेक्षकहरुलाइ निर्वाचन कार्यालयले दफा ६ को उपदफा (२) को खण्ड (ञ) राष्ट्रिय पर्यवेक्षक परिचयपत्र उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३
## संस्थागत व्यवस्था

८. **निर्वाचन पर्यवेक्षण समिति :** (१) निर्वाचनको पर्यवेक्षणको समन्वय, सहजीकरण तथा निर्देशनका लागि आयोगमा देहाय बमोजिमको निर्वाचन पर्यवेक्षण समिति रहनेछ -

(क) माननीय निर्वाचन आयुक्त (पर्यवेक्षण हेर्ने) - संयोजक
(ख) सचिव, निर्वाचन आयोग - सदस्य
(ग) सहसचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग - सदस्य
(घ) सहसचिव, परराष्ट्र मन्त्रालय - सदस्य
(ङ) सहसचिव, गृह मन्त्रालय - सदस्य
(च) उपसचिव, योजना, अनुगमन तथा समावेशीकरण शाखा, निर्वाचन आयोग - सदस्य-सचिव

(२) समितिको वैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । (३) समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ :-

(क) पर्यवेक्षणका लागि आवश्यक पर्ने नीतिगत व्यवस्थाको सिफारिस गर्ने,
(ख) निर्वाचन पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरुको अनुमतिका लागि सिफारिस गर्ने,
(ग) पर्यवेक्षणसम्बन्धी कार्यको निर्देशन, समन्वय, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

९. **निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई :** (१) निर्वाचनको पर्यवेक्षणसम्वन्धी कार्य गर्नको लागि आयोगमा देहाय बमोजिमको एक निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई रहनेछ :-

| | |
|---|---|
| (क) सह सचिव | एक |
| (ख) उपसचिव, योजना अनुगमन तथा समावेशीकरण शाखा | एक |
| (ग) उपसचिव, परराष्ट्र मन्त्रालय | एक |
| (घ) शाखा अधिकृत, योजना अनुगमन तथा समावेशीकरण शाखा | दुई |
| (ङ) नायव सुव्वा/खरिदार | चार |
| (च) कम्प्यूटर अपरेटर | छ |
| (छ) कार्यालय सहयोगी | एक |

(२) उपदफा (१) बमोजिम गठन भएको एकाईको वैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारी तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) एकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगबाट निर्णय भएबमोजिम निर्वाचनको पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संघ/संस्थालाई निवेदन पेश गर्न सूचना आह्वान गर्ने,

(ख) एकाई तथा निर्वाचन कार्यालय मार्फत पर्यवेक्षण गर्न निवेदन दिने राष्ट्रिय संघ/संस्थाको निवेदन उपर जाँचबुझ गरी समितिमा पेश गर्ने,

(ग) सम्बन्धित पर्यवेक्षण संघ/संस्थालाई आयोगबाट भएको निर्णयको जानकारी गराउने,

(घ) अनुमति प्राप्त पर्यवेक्षण संघ/संस्थाबाट स्रोत व्यक्तिको माग भएमा उपलब्ध गराउने,

(ङ) अनुमति प्राप्त पर्यवेक्षण संस्थाहरुको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र आवश्यकता अनुसार ब्रिफिङ र डिब्रिफिङ गर्ने व्यवस्था मिलाउने,

(च) पर्यवेक्षणका लागि आयोगबाट स्वीकृति प्राप्त संस्थाहरुलाई अनुमति दिने र त्यस्ता संस्थाका पर्यवेक्षकलाई दफा ६ को उपदफा (२) को खण्ड (ञ) बमोजिम परिचयपत्र उपलब्ध गराउने,

(छ) समितिको निर्देशन बमोजिम पर्यवेक्षणसम्बन्धी अन्य कार्य गर्ने,

(ज) आयोगले तोकेका अन्य कार्य गर्ने ।

**१०. <u>निर्वाचन पर्यवेक्षण स्रोत केन्द्र</u> :** (१) पर्यवेक्षणसम्वन्धी आवश्यक सूचना उपलव्ध गराउन तथा एकाईको काममा सहयोग गर्न एकाई मातहत रहने गरी आयोग परिसरमा निर्वाचन पर्यवेक्षण स्रोत केन्द्रको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित निर्वाचन पर्यवेक्षण स्रोत केन्द्रमा पर्यवेक्षण एकाईबाट आवश्यक जनशक्तिको व्यवस्था हुनेछ ।

(३) निर्वाचन पर्यवेक्षण स्रोत केन्द्रको कार्य विवरण देहाय बमोजिम हुनेछ :-

(क) पर्यवेक्षण अनुमति तथा परिचयपत्र प्राप्त गर्ने सम्बन्धमा आयोगबाट भएको नीतिगत व्यवस्था, प्रक्रियागत व्यवस्था तथा अन्य आवश्यक सूचना तथा जानकारी पर्यवेक्षण संघ/संस्था तथा व्यक्तिलाई उपलब्ध गराउने,

(ख) पर्यवेक्षण अनुमति तथा परिचयपत्र प्रदान गर्न संघ/संस्थालाई सहजीकरण गर्ने,

(ग) आयोगको सूचना बमोजिम पर्यवेक्षण संघ/संस्था र निर्वाचन कार्यालयबाट इमेल मार्फत प्राप्त निवेदनहरु एकाईमा पेश गर्ने ।

(घ) पर्यवेक्षकलाई परिचयपत्र उपलब्ध गराउन पर्यवेक्षण संघ/संस्थाबाट पेश भएका विवरण तथा अन्य कागजातहरु एकाइमा पेश गर्ने,

(ङ) एकाईसँग समन्वय गरी पर्यवेक्षकहरुलाई परिचयपत्र उपलब्ध गराउने,

(च) एकाईबाट भएको निर्देशन बमोजिम निर्वाचन कार्यालय तथा पर्यवेक्षण संघ/संस्था वा व्यक्तिलाई सूचना, जानकारी तथा परिपत्रहरु समयमै पठाउने ।

## परिच्छेद-४

## पर्यवेक्षक तथा पर्यवेक्षण संघ/संस्थाको कर्तव्य र प्रतिवेदनसम्बन्धी व्यवस्था

**११. पर्यवेक्षकहरुको कर्तव्य** : पर्यवेक्षकहरूले देहाय बमोजिमको कर्तव्य प्राप्त गर्नु पर्नेछ :-

(क) निर्वाचनसँग सरोकार राख्ने सम्बद्ध पक्षसँग निर्वाचनसम्बन्धी विषयमा स्वतन्त्रतापूर्वक संवाद गर्ने,

(ख) पर्यवेक्षण आचार संहिता अन्तर्गत रही निर्वाचनसम्बन्धी विषयमा स्पष्ट हुने,

(ग) आयोग वा मातहतका अधिकारीहरूबाट जारी गरिएको अधिकार क्षेत्रसम्बन्धी जानकारी लिने,

(घ) निर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवत जावत, संवेदनशील निर्वाचन समाग्रीहरू (मतपेटिका, मतपत्र आदि) को ओसार-पसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम र सञ्चार माध्यमहरूमा पहुँच आदि कुराको पर्यवेक्षण गर्ने,

(ङ) निर्वाचनसम्बन्धी प्रक्रियाको विभिन्न चरणमा तोकिए अनुसार राजनीतिक दलहरूको सहभागिता रहे/नरहेको विषयमा जानकारी लिने,

(च) निर्वाचन सम्बन्धमा परेको कुनै पनि उजुरी वा गुनासो बारे जानकारी लिने,

(छ) मतदान केन्दभित्र प्रवेश गर्दा मतदान अधिकृतको अनुमति लिएर मात्र प्रवेश गर्ने, यसरी प्रवेश गर्दा मतदान केन्द्रको गोप्य कक्षमा प्रवेश नगर्ने,

(ज) मतगणना स्थलमा निर्वाचन अधिकृतको अनुमति लिएर मात्र प्रवेश गर्ने,

(झ) निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रियासम्बन्धी जानकारी लिने,

(ञ) पर्यवेक्षणको क्रममा आफूले प्राप्त गरेको अनुभव आदान-प्रदान गने,

(ट) निर्वाचन अधिकृतले तोकेबमोजिम मतपेटिका राखेको स्थलमा (मतदान कार्य समाप्त भई निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका ल्याइसके पछि) बस्न सक्ने,

(ठ) पर्यवेक्षणको क्रममा कुनै किसिमको विसङ्गति, अनियमितता, धाँधली, डर त्रास देखाई कुनै मतदान केन्द्र वा मतदान केन्द्रको वरिपरि मतदाताहरूलाई स्वतन्त्रता पूर्वक मतदानबाट बञ्चित गर्ने कार्य आदि भएको देखेमा सो सम्बन्धी जानकारी तुरुन्त निर्वाचन आयोग/निर्वाचन अधिकृत/मतदान अधिकृत/क्षेत्रीय वा जिल्ला निर्वाचन कार्यालयलाई गराउनु पर्ने ।

**१२. अनुमति प्राप्त पर्यवेक्षण संघ/संस्थाको कर्तव्य :** (१) पर्यवेक्षण संघ/संस्थाको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) आयोगबाट अनुमति प्राप्त नगरी पर्यवेक्षण कार्य गर्नुगराउनु हुँदैन ।

(ख) पर्यवेक्षकहरु मनोनयन गर्दा समावेशी नीतिलाई अवलम्वन गर्नु पर्नेछ ।

(ग) पर्यवेक्षण कार्यमा खटिने पर्यवेक्षकहरूलाई अनिवार्य रूपमा अनुसूची-६ मा उल्लेखित विषयमा अभिमुखीकरण वा प्रशिक्षण दिनु पर्नेछ ।

(घ) आफ्नो संस्थाबाट खटाउने प्रत्येक पर्यवेक्षकको परिचयपत्र प्राप्त गर्नु पूर्व अनुसूची-४ बमोजिमको सपथ गराउनु पर्नेछ र सम्बन्धित संस्थाले आफ्नो संस्थामार्फत खटिने पर्यवेक्षकहरुको व्यक्तिगत विवरण प्रमाणित गरी पर्यवेक्षण एकाईमा पेश गर्नु पर्नेछ ।

(ङ) पर्यवेक्षक खटाउँदा सबै प्रदेशका हिमाल, पहाड र तराईसबै क्षेत्र समेट्ने गरी खटाउनु पर्नेछ ।

(च) मतदान केन्द्रमा पर्यवेक्षकहरुको भिड भै मतदान अधिकृतको कार्यमा बाधा नहुने गरी पर्यवेक्षकहरू खटाउनु पर्नेछ ।

(छ) पर्यवेक्षण कार्यमा सरकारी वा सरकारी स्वामित्व वा अर्धस्वामित्वका संघ/संस्था वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका वहालवाला कर्मचारी वा शिक्षकहरूलाई खटाउन पाईने छैन ।

(ज) पर्यवेक्षकको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको गाउँपालिका वा नगरपालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन पाईने छैन ।

(झ) पर्यवेक्षण गर्न अनुमति प्राप्त गरेका संस्थाले आवश्यक कानूनी र निर्वाचनसम्बन्धी आवश्यक सूचना तथा आचार संहिता सम्बन्धित पर्यवेक्षकहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(ञ) पर्यवेक्षणका लागि आवश्यक पर्ने सम्पूर्ण खर्चको व्यवस्था सम्बन्धित संघ/संस्था आफैंले गर्नु पर्नेछ ।

(ट) एउटै व्यक्तिलाई एक भन्दा बढी संघ/संस्थाहरुले पर्यवेक्षकको रुपमा खटाउन पाउने छैन ।

(ठ) कार्य समाप्त भएको तीन महिना भित्र आफ्नो आय व्यय सार्वजनिक गरी सोको लिखित जानकारी आयोगलाई गराउनु पर्नेछ ।

(ड) निर्वाचनको पर्यवेक्षण गर्दा देखिएका लैङ्गिक हिंसाका घटनाहरुको समेत तथ्याङ्क सङ्कलन गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(२) पर्यवेक्षणका लागि अनुमति प्राप्त राष्ट्रिय संघ/संस्थाले मतदान कार्य समाप्त भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-५

## <u>निर्वाचन पर्यवेक्षणको सम्बन्धमा निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी र मतदान अधिकृतको काम, कर्तव्य र अधिकार</u>

**१३. <u>निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार</u> :** निर्वाचन पर्यवेक्षण सन्दर्भमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन आयोगबाट जारी भएको पर्यवेक्षण निर्देशिका बमोजिम पर्यवेक्षणसम्बन्धी काम गर्ने, गराउने,

(ख) आयोगबाट स्वीकृति प्राप्त पर्यवेक्षकहरूलाई पर्यवेक्षण कार्यमा सहयोग गर्ने,

(ग) पर्यवेक्षकहरूले माग गरेका मतदान केन्द्र, मतदाताको विवरण, तालिम, जनशक्ति आदि जस्ता निर्वाचनसम्बन्धी विवरणहरुको सूचना उपलब्ध गराउने,

(घ) पर्यवेक्षकहरूले कुनै मतदान केन्द्रको पर्यवेक्षण गर्ने सम्बन्धमा सुरक्षा माग गरेमा सो को आवश्यक व्यवस्था मिलाउने,

(ङ) पर्यवेक्षकहरूले माग गरेमा हलुका सवारी साधनलाई सवारी पासको व्यवस्था मिलाउने,

(च) पर्यवेक्षकहरू उपर कुनै भवितव्य पर्न गएमा तत्काल उद्धारको व्यवस्था मिलाउने,

(छ) पर्यवेक्षण आचार संहिताको उल्लङ्घन गरी पर्यवेक्षण गरेको पाइएमा पर्यवेक्षकलाई पर्यवेक्षण गर्न रोक लगाउनुका साथै निजलाई दिइएको परिचयपत्र रद्द गरी सो को जानकारी निर्वाचन आयोगलाई तत्काल गराउने ।

**१४. <u>निर्वाचन अधिकारीको काम, कर्तव्य र अधिकार</u> :** निर्वाचन पर्यवेक्षण सम्बन्धमा यस निर्देशिकामा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगबाट जारी भएको सूचना बमोजिम निर्वाचन पर्यवेक्षणको लागि पेश भएका निवेदनहरुको प्रारम्भिक जाँचबुझ गरी आयोगमा पठाउने,

(ख) आयोगबाट पर्यवेक्षण अनुमति पाएका संघ/संस्थाहरुबाट खटिने पर्यवेक्षकहरुलाई यस निर्देशिकामा उल्लेख भएको प्रक्रिया पूरा गरी पर्यवेक्षक परिचयपत्र उपलब्ध गराउने र सो को अभिलेख राख्ने,

(ग) पर्यवेक्षकहरूले माग गरेका जानकारीहरू सम्भव भएसम्म उपलब्ध गराउने,

(घ) निर्वाचन कार्यालयमा आउने पर्यवेक्षकहरूको अभिलेख राख्ने,

(ङ) पर्यवेक्षण आचार संहिताको उल्लङ्घन गरी पर्यवेक्षण गरेको पाइएमा सो को जानकारी मुख्य निर्वाचन अधिकृत र निर्वाचन आयोगलाई तत्काल गराउने,

(च) पर्यवेक्षण कार्यलाई सहजीकरण गर्न आवश्यक कार्य गर्ने ।

**१५.** **मतदान अधिकृतको काम, कर्तव्य र अधिकार :** निर्वाचन पर्यवेक्षणका सन्दर्भमा मतदान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पर्यवेक्षक परिचयपत्र लगाएर आउने पर्यवेक्षकहरूलाई मतदान केन्द्रको तोकिएको क्षेत्रमा प्रवेश गर्न सक्ने व्यवस्था मिलाउने,

(ख) पर्यवेक्षकको परिचयको थप प्रमाण आवश्यक परेमा पर्यवेक्षकसँग माग गर्ने,

(ग) पर्यवेक्षकले माग गरेका विवरणहरू सम्भव भएसम्म उपलब्ध गराउने,

(घ) निर्वाचनको पर्यवेक्षण गर्न दिदा मतदान भइरहेको समयमा मतपत्र, मतदाता नामावली, स्वस्तिक छाप, छापदानी तथा मतपेटिका जस्ता संवेदनशील मतदान सामग्रीहरू हातले छुन वा मतदान गरिरहेको कक्षमा प्रवेश गर्न र मतदाताले मतसंकेत गरिरहेको अवस्थाको अवलोकन गर्न नदिने,

(ङ) मतदान केन्द्रमा भिडभाड हुन नदिन एक पटकमा बढिमा तीन जना पर्यवेक्षकहरुलाई मात्र मतदान केन्द्रभित्र प्रवेश गर्न दिने, तर मतदान अधिकृतले आवश्यक ठानेमा त्यस्तो सङ्ख्यालाई कम गर्न समेत सक्नेछ,

(च) पर्यवेक्षण आचार संहितामा उल्लेख भएका कुराहरूको पालना नगरी पर्यवेक्षण गरेको पाइएमा पर्यवेक्षण गर्न रोक लगाउनुका साथै निजलाई दिइएको परिचयपत्र खिचीं सोको जानकारी तत्काल निर्वाचन अधिकृतलाई दिने,

(छ) आफ्नो मतदान केन्द्रमा पर्यवेक्षण गर्न आउने पर्यवेक्षकहरूको अभिलेख पोलबुकमा राख्ने ।

## परिच्छेद-६
## विविध

**१६.** **पर्यवेक्षण संघ/संस्थालाई प्रतिवेदन प्राप्त भएको जानकारी दिन सक्ने :** निर्वाचन पर्यवेक्षण गर्ने संघ/संस्थाहरुले अन्तिम प्रतिवेदन बुझाएपछि आयोगले धन्यवादसहित त्यस्तो प्रतिवेदन प्राप्त भएको जानकारी सम्बन्धित संघ/संस्थाहरुलाई उपलब्ध गराउन सक्नेछ ।

**१७.** **पर्यवेक्षण अनुमति पत्र खारेज हुने :** पर्यवेक्षणको लागि दिएको अनुमति देहायको अवस्थामा अधिकृतले खारेज गर्न सक्नेछ :-

(क) आयोगबाट जारी गरिएका नियम, निर्देशिका, निर्देशनहरूको उल्लङ्घन गरेमा,

(ख) निर्वाचनमा कुनै उम्मेदवार वा राजनीतिक दलप्रति झुकाव देखिने व्यवहार प्रस्तुत गरेमा,

(ग) आयोगबाट निर्वाचनमा खटिएका कर्मचारीहरूको कर्त्तव्य पालनमा कुनै व्यवधान खडा गरेमा,

(घ) निर्वाचन पर्यवेक्षणसम्वन्धी आचार संहितामा उल्लेख भएका अन्य प्रावधानहरुको उल्लङ्घन गरेमा ।

**१८.** **बाधा अड्काउ फुकाउने :** यो निर्देशिकाको कार्यान्वयन गर्दा कुनै वाधा आईपरेमा आयोगले आवश्यक आदेश जारी गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची-१
(दफा ६ को उपदफा (२) को खण्ड (क) सँग सम्वन्धित)

**स्थानीय तह निर्वाचन पर्यवेक्षण गर्नेसम्बन्धी**
**सूचनाको नमूना**

स्थानीय तह निर्वाचनको पर्यवेक्षण गर्न अनुमति चाहने राष्ट्रिय संघ/संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आयोगमा पर्यवेक्षण अनुमतिका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७३ बमोजिम तपसिलमा उल्लिखित कागजातहरू सहित निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ । उपत्यकाको हकमा निर्वाचन आयोगमा र अन्य जिल्लाहरुको हकमा सम्वन्धित क्षेत्रीय वा जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिन सकिनेछ ।

निवेदनको नमूना www.election.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

विद्युतीय माध्यमको प्रयोग गरी निवेदन दिन चाहने संघ/संस्थाले https://www.observer.election.gov.np मा लग अन गर्न सक्नुहुनेछ ।

निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरूः

(क) संघ/संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) त्यस्तो संघ/संस्था नवीकरण भएको निस्साको प्रतिलिपि,
(ग) संघ/संस्थाको विधानको प्रतिलिपि,
(घ) संघ/संस्थाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
(ङ) संस्थाका कार्यसमितिका पदाधिकारीहरूको नामावली,
(च) विगतमा गरेका राष्ट्रिय/अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सो को प्रमाण,
(छ) पर्यवेक्षण सम्बन्धमा संघ/संस्थाले तयार गरेको ब्रोशर, पुस्तिका, निर्देशिका वा अन्य कुनै प्रकाशन भए सो समेत,
(ज) संघ/संस्थाले तयार गरेको पर्यवेक्षक परिचालनसम्वन्धी नीति ।

अनुसूची-२
(दफा ६ को उपदफा (२) को खण्ड (ख) सँग सम्वन्धित)

## पर्यवेक्षण निवेदन फाराम

विषयः पर्यवेक्षण अनुमतिका लागि निवेदन पेश गरेको ।

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाण्डौं ।

स्थानीय तह निर्वाचनको निर्वाचन पर्यवेक्षण अनुमतिको लागि आयोगले प्रकाशित गरेको सूचनामा उल्लेखित आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु ।

**निर्वाचन आयोगले भर्नु पर्ने**

निवेदन फाराम दर्ता नं. मिति................

**१. संघ/संस्था सम्बन्धी जानकारी**

संघ/संस्थाको नामः ...................

कार्य क्षेत्रः ...........

संघ/संस्थाको दर्ता नं. ....... स्थान

दर्ता मितिः..................

संघ संस्थाको ठेगानाः ..................

टेलिफोन नंः .................. फ्याक्स : ........................

इमेलः ................. वेवपेजः ...............

नविकरण भएको मिति : कार्यसमिति गठन भएको मितिः .............

**२. संघ/संस्थाको प्रमुखकोः**

नामः .................टेलिफोन/मोवाईल नं............ फ्याक्स्ः .......... इमेलः ..................

**३. यसअघि पर्यवेक्षण गरेको भए सो को प्रतिवेदन आयोगमा बुझाएको मिति :**

**४. खटिने पर्यवेक्षकहरूको अनुमानित संख्याः .....................................**

| प्रदेश | | जिल्ला | दलित | | आदिवासी/ जनजाति | | खस आर्य | | मधेशी | | थारु | | मुस्लिम | | पिछडिएको क्षेत्र | | अपाङ्ग वा अल्पसंख्यक | | अन्य | | कूल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा |
| प्रदेश नं. १ | हिमाली | | | | | | | | | | | | | | | | | | | | | | |
| | पहाडी | | | | | | | | | | | | | | | | | | | | | | |
| | तराई | | | | | | | | | | | | | | | | | | | | | | |
| प्रदेश नं. २ | तराई | | | | | | | | | | | | | | | | | | | | | | |
| प्रदेश नं. ३ | हिमाली | | | | | | | | | | | | | | | | | | | | | | |
| | पहाडी | | | | | | | | | | | | | | | | | | | | | | |
| | तराई | | | | | | | | | | | | | | | | | | | | | | |
| प्रदेश नं.४ | हिमाली | | | | | | | | | | | | | | | | | | | | | | |
| | पहाडी | | | | | | | | | | | | | | | | | | | | | | |
| | तराई | | | | | | | | | | | | | | | | | | | | | | |
| प्रदेश न ५ | हिमाली | | | | | | | | | | | | | | | | | | | | | | |
| | पहाडी | | | | | | | | | | | | | | | | | | | | | | |
| | तराई | | | | | | | | | | | | | | | | | | | | | | |
| प्रदेश नं. ६ | हिमाली | | | | | | | | | | | | | | | | | | | | | | |
| | पहाडी | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तराई | | | | | | | | | | | | | | | | | | | | | | |
| प्रदेश नं. ७ | हिमाली | | | | | | | | | | | | | | | | | | | | | | |
| | पहाडी | | | | | | | | | | | | | | | | | | | | | | |
| | तराई | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | |

**नोटः पर्यवेक्षण गर्ने संस्था वा सञ्जालले पर्यवेक्षक खटाउँदा आयोगले निर्धारण गरेको कूल मतदान स्थल मध्ये सबै प्रदेशका हिमाली, पहाडी तथा तराईका जिल्लाहरुका न्यूनतम १०० मतदान स्थलहरुमा खटाउनु पर्नेछ ।**

**संघ/संस्थाको छापः**

**संघ/संस्था प्रमुखको दस्तखतः**

अनुसूची-३
(दफा ६ को उपदफा (२) को खण्ड (ज) सँग सम्वन्धित)

## सम्पर्क व्यक्तिका लागि अख्तियारनामा

पर्यवेक्षण संघ/संस्थाको नामः .........................................................

पर्यवेक्षण संघ/संस्थाको प्रमुखको नाम/थर ................................

ठेगानाः ..........................ईमेल.........................................

सम्पर्क व्यक्ति सम्बन्धी विवरणः–

नाम, थर.............................................. ठेगानाः ...............................

इमेलः ..........................फ्याक्स्ः ......................

टेलिफोन नं.: ........................ मोबाइल नं.: ...................................

अख्तियारनामा पाउने व्यक्तिको दस्तखतको नमूना :

पर्यवेक्षण संस्थाको तर्फबाट निम्नलिखित कार्य गर्नका लागि म सम्पर्क व्यक्तिलाई अख्तियारनामा प्रदान गर्दछु :

(१) निर्वाचन आयोग र अन्य निकायबाट कागजात एवम् सामग्रीहरू प्राप्त गर्न र पेश गर्न,

(२) आवश्यक कागजपत्रहरूमा दस्तखत गर्न ।

**संघ/संस्थाको छाप** **संघ/संस्था प्रमुखको दस्तखत**

द्रष्टव्य : कृपया सम्पर्क व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि यसै साथ संलग्न गर्नु पर्नेछ ।

अनुसूची-४
(दफा ६ को उपदफा (२) को खण्ड (झ) सँग सम्वन्धित)

## राष्ट्रिय पर्यवेक्षकको सपथ ग्रहण

| |
|---|
| पर्यवेक्षकको मुखाकृति देखिने पासपोर्ट साईजको फोटो । |

पर्यवेक्षण संघ/संस्थाको नामः ....................................

पर्यवेक्षक सम्बन्धी विवरणः

नाम थरः ............................ ठेगानाः..................................

लिङ्ग : पुरुष ☐ महिला ☐

टेलिफोन न.: ........................... मोवाइल नं............................

इमेलः ...................................फ्याक्स्ः ................................

पर्यवेक्षण सम्वन्धी अनुभव : ...................................

मैले निर्वाचन अयोगबाट जारी भएको पर्यवेक्षक आचार संहिता राम्रोसँग अध्ययन गरेको छु र माथि उल्लिखित पर्यवेक्षण संस्थाबाट निर्वाचनसम्बन्धी आवश्यक प्रशिक्षण प्राप्त गरेको छु वा गर्नेछु, म कुनै राजनीतिक दलको सदस्य छैन, निर्वाचन आयोगबाट जारी गरिएको पर्यवेक्षण आचार संहिता र निर्वाचनसम्बन्धी कानूनहरूको पालना गर्दै स्वतन्त्र एवं निष्पक्ष ढंगबाट पर्यवेक्षणसम्वन्धी काम गर्ने शपथ लिन्छु ।

संलग्नः

(१) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(२) पासपोर्ट साइजको फोटो १ प्रति

(३) पर्यवेक्षकको शैक्षिक योग्यता :...................तह उतीर्ण

पर्यवेक्षकको दस्तखत : ☐

स्थान र मितिः..................................................................

**संघ/संस्थाको छाप** **संघ/संस्था प्रमुखको दस्तखतः**

अनुसूची-५
(दफा ६ को उपदफा (२) को खण्ड (ञ) सँग सम्वन्धित)

## राष्ट्रिय पर्यवेक्षक परिचय-पत्रको नमूना


निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

स्थानीय तह निर्वाचन

राष्ट्रिय पर्यवेक्षक परिचय-पत्र

प.प.नं. : ________

नाम/थर ________________________

पर्यवेक्षण अनुमति प्राप्त संघ/संस्थाको

नाम ________________________

परिचय पत्र बहाल रहने अवधि ____________

परिचय पत्र पाउनेको सही ____________

निर्वाचन आयोगको आधिकारिक व्यक्तिको

सही : ________________

नाम ________________

पद : ________________

स्थान : ________________

मिति : २०७४/.../...

संस्था प्रमुखको दस्तखत :

पासपोर्ट साईजको फोटो ।

परिचयपत्र बाहकलाई मतदान केन्द्र र मतगणना स्थलहरूमा प्रवेश अनुमति रहनेछ ।


**पर्यवेक्षकले पालन गर्नुपर्ने कुराहरू:-**

पर्यवेक्षकले निर्वाचन आयोगबाट जारी गरिएको पर्यवेक्षक आचार संहितामा उल्लिखित कुराहरुको पालना गर्नुपर्दछ ।

**आचार संहिताका महत्वपूर्ण प्रावधानहरू:**

१) निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आँच आउने कार्य गर्नु हुँदैन ।
२) आँफ्नो भूमिका स्वतन्त्र, निष्पक्ष एवम् वस्तुनिष्ठ भई पूरा गर्नुपर्दछ ।
३) पर्यवेक्षण गर्दा व्यवहारिक एवम् फराकिलो दृष्टिकोण राख्नुपर्दछ ।
४) पर्यवेक्षण गर्दा निर्वाचन कार्यमा बाधा पुऱ्याउनु हुँदैन ।
५) निर्वाचनमा खटिएका कर्मचारीहरूको काम, कर्तव्य र अधिकारको सम्मान गर्नुपर्दछ ।
६) मतदान केन्द्रमा पर्यवेक्षण गर्दा मतसङ्केत कार्यको तोकिएको स्थानबाट अवलोकन गर्नुपर्दछ ।
७) मतदान केन्द्र भित्र मतदातासाग कुराकानी गर्नु हुँदैन ।
८) मतदान केन्द्रमा कुनै दल वा स्वतन्त्र उम्मेदवारको समर्थन वा विरोध हुने गरी कुनै कुरा व्यक्त गर्न, गराउन, प्रचार प्रसार वा प्रदर्शन गर्नु हुँदैन ।

यो परिचयपत्र हराएको खण्डमा, पाउनु हुने महानुभावले कृपया निर्वाचन आयोगको कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहोला ।

अनुसूची-६
(दफा ६ को उपदफा (२) को खण्ड (ट) सँग सम्वन्धित)

## अभिमुखीकरणका विषयहरू

### १. <u>निर्वाचनको तयारी :</u>

- निर्वाचन कार्यक्रम
- निर्वाचन अधिकृतहरूको नियुक्ति, तालिम र कार्यालय स्थापनासम्बन्धी व्यवस्था
- निर्वाचन सामग्रीहरूको व्यवस्था र ढुवानी
- मतदान अधिकृतहरूको नियुक्ति र तालिम
- निर्वाचन सामग्रीहरू लगायत कर्मचारीहरूको मतदान केन्द्रसम्म पहुँचको व्यवस्था
- आचार संहिता र अनुगमनको व्यवस्था
- निर्वाचनको समग्र सुरक्षा व्यवस्थापन
- सञ्चार व्यवस्था

### २. <u>निर्वाचन प्रक्रिया :</u>

- मतदान केन्द्रहरू रहने स्थानहरू,
- सर्वदलीय बैठक
- मतदान समय
- मतदान केन्द्र सुरक्षा व्यवस्था
- सञ्चार र अनुगमन प्रणाली
- मतदान सञ्चालन प्रक्रिया
- मतदान प्रक्रियामा महिला तथा अन्य पिछडिएका वर्ग समुदायको पहुँच
- मतदान समाप्त भए पछिका प्रक्रियाहरू, मतपेटिका संकलन र ढुवानी व्यवस्था
- मतगणनासम्बन्धी व्यवस्था
- निर्वाचन परिणाम
- सङ्कटकालीन व्यवस्थापन र उद्धार

अनुसूची-७
(दफा ६ को उपदफा (२) को खण्ड (ढ) सँग सम्बन्धित)

**पर्यवेक्षण संघ/संस्थाको नाम :**

**ठेगाना :**

**स्थानीय तह निर्वाचनको पर्यवेक्षणका लागि खटाइने पर्यवेक्षकहरुको विवरण :**

| क.सं. | पर्यवेक्षकको नाम, थर | स्थायी ठेगाना | लिङ्ग | उमेर | दलित/आदिवासी जनजाति/पिछडिएको वर्ग/मधेशी/अपाङ्गता भएका व्याक्ति | शैक्षिक योग्यता | खटाइने स्थानको नाम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मतदान स्थलको नाम | गाँउपालिका /न.पा.को वडा नं. | जिल्ला |
| | | | | | | | | | |

**संस्था प्रमुखको नाम :**

**दस्तखत :**

**मिति :**

## राष्ट्रिय पर्यवेक्षकहरूका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७३

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७३/१२/८

**प्रस्तावना** : स्वतन्त्र र निष्पक्ष ढङ्गवाट स्थानीय तह निर्वाचन सम्पन्नगर्नको लागि पर्यवेक्षकहरुले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थितगर्न वाञ्छनीय भएकोले निर्वाचन आयोग ऐन, २०७३ को दफा ६ को उद्देश्य पूर्तिको लागि सरोकारवालाहरुसँग परामर्श गरी निर्वाचन आयोगले सो ऐनको दफा २२ बमोजिम देहायको आचार संहिता बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आचार संहिताको नाम "राष्ट्रिय पर्यवेक्षकहरुका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७३" रहेको छ ।

(२) यो आचार संहिता निर्वाचन आयोगबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले स्थानीय तहको निर्वाचन सम्झनु पर्छ ।

(ग) "निर्वाचन पर्यवेक्षण" भन्नाले निर्वाचनको पर्यवेक्षण कार्य सम्झनु पर्छ ।

(घ) "पर्यवेक्षक" भन्नाले निर्वाचनको पर्यवेक्षण गर्न आयोगबाट पर्यवेक्षक परिचयपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले पर्यवेक्षण संघ/संस्थालाई समेत जनाउने छ ।

(ङ) "पर्यवेक्षण संघ/संस्था" भन्नाले निर्वाचनको पर्यवेक्षणका लागि आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त संघ/संस्था सम्झनु पर्छ ।

३. **आचार संहिता लागू हुने निकाय, संस्था र व्यक्ति :** यो आचार संहिता आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त संघ संस्था र पर्यवेक्षक परिचयपत्र प्राप्त व्यक्तिलाई लागू हुनेछ ।

### परिच्छेद-२
### पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण

४. **पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण** : (१) निर्वाचनको पर्यवेक्षण गर्दा पर्यवेक्षकले देहायका आचरणको पालना गर्नु पर्नेछ :-

(क) पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,

(ख) मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा पर्यवेक्षकले शिष्टाचारको पालना गर्नु पर्ने,

(ग) आफूलाई अनुमति प्राप्त क्षेत्रको मात्र पर्यवेक्षण गर्नु पर्ने,

(घ) निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आँच आउने कुनै कार्य गर्न नहुने,

(ङ) स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठ ढङ्गले निर्वाचन पर्यवेक्षण गर्नु पर्ने,

(च) कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव वा पूर्वाग्रह राख्नु नहुने,

(छ) निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु, गराउनु नहुने,

(ज) कुनै राजनैतिक दल वा उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकहरूले चिन्ह, व्याच लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचार-प्रसार वा प्रदर्शन गर्न गराउन नहुने,

(झ) निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई सल्लाह दिन, सूचना प्रदान गर्न र कानूनको व्याख्या गर्न नहुने,

(ञ) मतदान केन्द्रमा उठेको विवाद समाधान गर्न, निर्वाचन परिणाम प्रमाणित गर्ने वा प्रमाण लाग्ने किसिमले वक्तव्य प्रकाशन गर्न गराउन नहुने,

(ट) कुनै मतदान केन्द्रमा मतदान भईरहेको समयमा मतदान कार्यलाई असर पर्ने किसिमको कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न गराउन नहुने,

(ठ) निर्वाचन कार्यमा खटिएका कर्मचारीहरुको कर्तव्य पालनामा असर पार्ने गरी कुनै किसिमको बाधा अड्चन उत्पन्न हुने कुनै कार्य गर्न गराउन नहुने,

(ड) मतदान केन्द्रभित्र मतदान अधिकृतको अनुमति लिएर तोकिएको अवधिभित्र मात्र पर्यवेक्षण गर्नुपर्ने,

(ढ) सुरक्षा संवेदनशीलताको कारण निषेध गरिएका स्थान र मतदान केन्द्रहरुको पर्यवेक्षण गर्नु नहुने,

(ण) पर्यवेक्षण गर्न जाँदा मतदान अधिकृतबाट अनुमति लिएर कामसँग सम्बन्धित उपकरण मात्र प्रयोग गर्नु पर्ने,

(त) आवश्यक भएमा मतदातासँग सामान्य जानकारी लिन बाहेक मतदाताको गोप्यता भङ्ग हुने वा मतदानको स्वच्छता र निष्पक्षतामा आँच आउने एवम् मतदान कार्य वा क्षेत्रमा बाधा उत्पन्न हुने किसिमबाट कुनै कार्य गर्न नहुने,

(थ) निर्वाचन अधिकृत वा मतदान अधिकृतले स्वीकृति दिएमा बाहेक मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियाको तस्वीर खिच्न नहुने,
तर निर्वाचन अधिकृत वा मतदान अधिकृतवाट स्वीकृत पाएको अवस्थामा तस्विर खिच्दा मतदाताले मत सङ्केत गरेको तस्विर खिच्न नहुने ।

(त) निर्वाचन अधिकृत वा निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्नु गराउनु नहुने,

(थ) निर्वाचन प्रक्रिया सम्बन्धमा ऐन, नियम, निर्देशिकाहरूले व्यवस्थित गरेको प्रावधान बारे सञ्चार माध्यमहरूमा टिका टिप्पणी गर्न नपाउने,
तर ती प्रावधानहरु पालना गर्दा देखिएका त्रुटि, कमजोरीहरूलाई आफ्नो प्रतिवेदनमा औंल्याउन पाउने ।

(द) आफूलाई चाहिने साधन र स्रोतको व्यवस्था आफैं गर्नु पर्ने,

(ध) पर्यवेक्षण अवधिमा सङ्कलन गरेका सूचनाहरू वास्तविक, सत्य र वस्तुनिष्ठ हुनु पर्ने,

(न) निर्वाचन पर्यवेक्षणको समीक्षा गर्दा वा प्रतिवेदन दिँदा निर्वाचन प्रक्रियामा प्रभाव पार्ने समग्र तथ्य र कारणहरूको विश्लेषण गरी यथार्थपरक र फराकिलो दृष्टिकोण राख्नु पर्ने,

(प) मतदान कार्य पूरा भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिन भित्र अन्तिम प्रतिवेदन अनिवार्य रुपमा आयोगमा बुझाउनु पर्ने ।

## परिच्छेद-३
## आचार संहिताको कार्यान्वयन र अनुगमन

६. **अनुगमन गर्न सक्ने** : आयोगले गठन गरी परिचानल गरेको अनुगमन टोलीले यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा समेत जाँचबुझ वा अनुगमन गरी आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

७. **बाधा अड्काउ फुकाउन सक्ने :** यो आचार संहिताको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आई परेमा आयोगले आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।